<u>परिशिष्ट “क”</u>

## <u>विभुषण धारण गर्ने सम्बन्धमा</u>

१. पोशाक नं.१, २, ५ र ६ साविक अनूसार नै रहने ।

२. नं.३ पोशाकमा विभुषण लगाउंदा प्राप्त गरेका सबै मानपदवी, अलंकार र पदकहरु लगाउने । उक्त विभुषणहरु लगाउने तरिका निम्न अनूसार रहेको ।

(क) <u>एउटा मानपदवी पाएको अवस्थामा</u>

(१) मानपदवी घांटीमा लगाउने ।

(२) उक्त मानपदवी लगाउंदा टाईको नट देखिने गरि लगाउने ।

(३) उक्त पोशाकमा एक्यूलेटर लगाउंदा एक्यूलेटर अड्काउने एक्यूलेटरको भाग दाहिने खल्तीको माथिल्लो बायां किनारको छेउमा सानो हूक राखी अड्काउने ।

(४) घांटीमा लगाएको मानपदवीको तल्लो भागले एक्यूलेटरको जरीको भाग नछूने गरी लगाउने ।

(५) प्राप्त अलंकार तथा पदक, प्यारा विङ्ग र नेमप्लेट साविक अनूसार लगाउने ।

(ख) <u>दूई वटा मानपदवी पाएको अवस्थामा</u>

(१) मर्यादाक्रमको आधारमा जेष्ठ मानपदवी घाटीमा लगाउने ।

(२) उक्त मानपदवी लगाउंदा टाईको नट देखिने गरि लगाउने ।

(३) उक्त पोशाकमा एक्यूलेटर लगाउंदा एक्यूलेटर अड्काउने एक्यूलेटरको भाग दाहिने खल्तीको माथिल्लो बायां किनारको छेउमा सानो हूक राखी अड्काउने ।

(४) घांटीमा लगाएको मानपदवीको तल्लो भागले एक्यूलेटरको जरीको भाग नछूने गरी लगाउने ।

(५) अर्को मानपदवी बायां खल्तीको टांक मूनी बीच भागमा लगाउने ।

(६) प्राप्त अलंकार तथा पदक, प्यारा विङ्ग र नेमप्लेट साविक अनूसार लगाउने ।

(ग) <u>तिन वटा मानपदवी पाएको अवस्थामा</u>

(१) मर्यादाक्रमको आधारमा जेष्ठ मानपदवी घाटीमा लगाउने ।

(२) उक्त मानपदवी लगाउंदा टाईको नट देखिने गरि लगाउने ।

(३) उक्त पोशाकमा एक्यूलेटर लगाउंदा एक्यूलेटर अड्काउने एक्यूलेटरको भाग दाहिने खल्तीको माथिल्लो बायां किनारको छेउमा सानो हूक राखी अड्काउने ।

(४) घांटीमा लगाएको मानपदवीको तल्लो भागले एक्यूलेटरको जरीको भाग नछूने गरी लगाउने ।

(५) अर्को दूई वटा मानपदवी मर्यादाक्रम अनूसार बायां खल्तीको दायां बायां टांकको बिच भाग पर्ने गरी खल्तीको दायां बायां सिलाई भागलाई छूने गरि लगाउने ।

(६) प्राप्त अलंकार तथा पदक, प्यारा विङ्ग र नेमप्लेट साविक अनूसार लगाउने ।

(घ) **<u>लक्ष्यभेदक वा गजेन्द्रमोक्ष मध्य कूनै एक पदक पाएको अवस्थामा:</u>** लक्ष्यभेदक पदकलाई दायां खल्तीको सिलाई भागसंग पट्टीकाको माथिल्लो भाग सिधा हूने गरी नेमप्लेटको मूनी वीचौं वीच खल्तीको टांकलाई छोपिने गरि लगाउने ।

(ङ) **<u>गजेन्द्रमोक्ष र लक्ष्यभेदक पदक दूवै पाएको अवस्थामा:</u>** गजेन्द्रमोक्ष र लक्ष्यभेदक दुवै पदक पाएको अवस्थामा दुवै पदकलाई दायां खल्तीको सिलाई भागसंग पट्टीकाको माथिल्लो भाग सिधा हूने गरी नेमप्लेटको मूनी वीचौं वीच खल्तीको टांकलाई छोपिने गरि गजेन्द्रमोक्षलाई दायां र लक्ष्य भेदकलाई बायां जोडेर लगाउने ।

३. नं.४ पोशाकमा विभुषण लगाउंदा नं.३ सरह लगाउने ।